# भाग ४

## श्री ५ को सरकार

## राष्ट्रिय योजना आयोगको सचिवालयको सूचना

१. श्री ५ को सरकारको मिति २०४७।८।१८ को निर्णयानुसार प्राकृतिक तथा साँस्कृतिक सम्पदा संरक्षण परिषद् गठन गरिएको छ ।

२. प्राकृतिक तथा साँस्कृतिक सम्पदा संरक्षण परिषद्मा देहायका सदस्यहरू रहनेछन् :

(क) माननीय उपाध्यक्ष, राष्ट्रिय योजना आयोग — अध्यक्ष

(ख) माननीय सदस्य, राष्ट्रिय योजना आयोग (वातावरणसम्बन्धी काम हेर्ने) — उपाध्यक्ष

(ग) उपकुलपति, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान — सदस्य

(घ) उपकुलपति, नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान — सदस्य

(ङ) उपकुलपति, त्रिभुवन विश्वविद्यालय — सदस्य

(च) सचिव, वन तथा भू-संरक्षण मन्त्रालय — सदस्य

(छ) सचिव, उद्योग मन्त्रालय — सदस्य

(ज) सचिव, जलस्रोत मन्त्रालय — सदस्य

(झ) सचिव, निर्माण तथा यातायात मन्त्रालय — सदस्य

(ञ) सचिव, कृषि मन्त्रालय — सदस्य

(ट) सचिव, आवास तथा भौतिक योजना मन्त्रालय — सदस्य

(ठ) सचिव, शिक्षा तथा संस्कृति मन्त्रालय — सदस्य

(ड) सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय — सदस्य

(ढ) सचिव, गृह मन्त्रालय — सदस्य

(ण) सचिव, स्थानीय विकास मन्त्रालय — सदस्य

(त) सचिव, पर्यटन मन्त्रालय — सदस्य

(थ) व्यापार उद्योग तथा पेशागत संघहरू, स्रोत संरक्षणसँग सम्बन्धित संघ संस्थाहरू तथा अन्य गैरसरकारी संस्था मध्येबाट कम्तीमा दुई जना महिला समेत रहने गरी श्री ५ को सरकारबाट मनोनीत पाँच जना — सदस्य

(द) प्रमुख, राष्ट्रिय भू-स्रोत तथा वातावरण केन्द्र — सदस्य-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. नं. २ को खण्ड (थ) मा उल्लेखित सदस्यहरूको पदावधि ४ (चार) वर्षको हुनेछ।

४. प्राकृतिक तथा साँस्कृतिक सम्पदा संरक्षण परिषद्को बठकको कार्यविधि उक्त परिषद् आफैंले निर्धारण गरेबमोजिम हुने।

५. श्री ५ को सरकारको स्वीकृत नीति अन्तर्गत रही प्राकृतिक तथा साँस्कृतिक सम्पदा संरक्षण परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) प्राकृतिक तथा साँस्कृतिक स्रोत सम्पदाको संरक्षणसम्बन्धी राष्ट्रिय नीति तयार गर्ने।

(ख) सरकारी तथा गैरसरकारी क्षेत्रका निकायहरू र निजी क्षेत्रबाट प्राकृतिक तथा साँस्कृतिक स्रोत सम्पदाको संरक्षणसम्बन्धी राष्ट्रिय नीति कार्यान्वयन गराउने व्यवस्था मिलाउने।

(ग) प्राकृतिक तथा सम्पदाको स्रोत संरक्षणसम्बन्धी कार्यक्रमहरूको प्रगति तथा प्रभावकारिताको अनुगमन गर्ने र सम्बन्धित निकायहरूलाई आवश्यक परामर्श दिने।

(घ) प्राकृतिक तथा साँस्कृतिक सम्पदाको स्रोत संरक्षण र विकाससम्बन्धी विवादास्पद प्रश्नहरू खडा भएमा त्यसको समाधान गर्ने।

(ङ) समन्वयात्मक ढङ्गले प्राकृतिक तथा साँस्कृतिक सम्पदाको स्रोत संरक्षण एवं वातावरणसम्बन्धी नीति तथा कार्यक्रमहरूको तर्जुमा गर्ने र कार्यान्वयन गराउनमा सहयोग गर्ने।

(च) श्री ५ को सरकारले प्राकृतिक तथा साँस्कृतिक स्रोत सम्पदाको संरक्षण तथा वातावरणसम्बन्धी समय-समयमा तोकिदिएका अन्य कार्यहरू गर्ने।

६. राष्ट्रिय योजना आयोगको सचिवालयले प्राकृतिक तथा साँस्कृतिक सम्पदा संरक्षण परिषद्को सचिवालयको काम गर्नेछ।

आज्ञाले,
श्यामप्रसाद अधिकारी
का.मु. सह-सदस्य सचिव

३८६



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।